# जनतासँग अध्यक्ष कार्यक्रम (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०८०

प्रस्तावन : चौकुने गाउँपालिकाको लाभग्राहीहरुको तत्कालीन आवश्यकता, माग र सन्दर्भलाई सम्बोधन गर्न विषयगत क्षेत्रहरु पूर्वाधार निर्माण, कृषि, शिक्षा, स्वास्थ्य, खानेपानी लगायतका व्यापक जनश्रमदान र जनसहभागितामा योजना तथा कार्यक्रम संचालन गर्न बाञ्छनीय भएकाले,

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा २ ले दिएको अधिकार प्रयोग गरी चौकुने गाउँपालिकाले यो कार्यविधि बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस कार्यविधिको नाम "जनतासँग अध्यक्ष कार्यक्रम (संचालन तथा व्यवस्थापन) कार्यविधि, २०८० रहेको छ ।"

(२) यो कार्यविधि राजपत्रमा प्रकाशन भएको मितिदेखि लागु हुनेछ ।

२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

(क) "लाभग्राही" भन्नाले चौकुने गाउँपालिकाभित्र स्थायी रुपमा बसोवास गर्ने योजना कार्यक्रमबाट लाभान्वित जनता, सरकारी संघ संस्था, क्लव वा अन्य कुनै लाभग्राहीलाई सम्झनुपर्दछ ।

(ख) "विषयगत क्षेत्र" भन्नाले सडक, खानेपानी, विपद् व्यवस्थापन, शिक्षा, स्वास्थ्य, कृषि, पशु कार्यक्रम व्यवस्थापन र संगठन लगायतका विषयगत क्षेत्रसँग सम्बन्धित पूर्वाधार निर्माणका योजना तथा कार्यक्रम समेतलाई सम्झनु पर्दछ ।

(ग) "कार्यक्रम" भन्नाले आ. ब. २०८०।०८१ को चौकुने गाउँपालिकाको स्वीकृत बार्षिक कार्यक्रम जनतासँग अध्यक्ष कार्यक्रमलाई सम्झनुपर्दछ ।

(घ) "अनुगमन समिति" भन्नाले चौकुने गाउँपालिकामा उपाध्यक्षको संयोजकत्वमा गठित अनुगमन समितिलाई सम्झनुपर्दछ ।

(ङ) "समिति" भन्नाले दफा बमोजिम गठित योजना तथा कार्यक्रम सिफारिस समितिलाई सम्झनुपर्दछ । र सो समितिले दफा बमोजिम गठित योजना तथा कार्यक्रम निर्देशक समितिलाई समेत जनाउनेछ ।

(च) "अध्यक्ष" भन्नाले चौकुने गाउँपालिकाको अध्यक्षलाई सम्झनुपर्दछ ।

२. प्रस्ताव छनौट समिति : (१) यस कार्यक्रम बमोजिम योजना तथा कार्यक्रम छनौट गर्न देहायका पदाधिकारी रहेको एक प्रस्ताव छनौट समिति गठन रहनेछ :-

| | |
|---|---|
| (क) गाउँपालिका अध्यक्ष | संयोजक |
| (ख) गाउँपालिका उपाध्यक्ष | सदस्य |
| (ग) गाउँपालिकाको प्राविधिक | सदस्य |
| (घ) योजना शाखा प्रमुख | सदस्य सचिव |

(२) उपदफा १ बमोजिम गठित प्रस्ताव छनौट समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम रहेका छन् :-

(क) कार्यविधिले निर्धारण गरेको दफा बमोजिमका क्षेत्रहरु अन्तर्गत रही योजनाको आवश्यकता, महत्व, प्रभावकारिता र औचित्यताको लेखाजोखा गर्ने ।

(ख) माग भई आएका योजना तथा कार्यक्रम संकलन तथा व्यवस्थापन गरी निर्णय सहित निर्देशक समिति समक्ष पेश गर्ने ।

(ग) निर्देशक समितिले कार्यान्वयनका लागि निर्णय गरेको योजना तथा कार्यक्रम कार्यान्वयनमा सहयोग, समन्वय र सहजिकरण गर्ने ।

(घ) दफा 'ग' बमोजिम निर्धारित क्षेत्रहरुको प्रभावकारी कार्यान्वयन सन्दर्भमा विषयगत शाखा क्षेत्रसँग सहकार्य र समन्वय कायम राख्ने ।

(ङ) निर्देशक समितिले प्रत्यायोजन गरेका अन्य काम कार्बाहीहरु सम्पादन गर्ने ।

(३) समितिको बैठक सम्बन्धी कार्यविधि संयोजकको निर्देशनमा आवश्यकता बमोजिम बस्नेछ ।

(४) सदस्य – सचिवले सो बैठक निर्णयसँग सम्बन्धित कार्यसम्पादन व्यवस्थित रुपमा राख्नुपर्नेछ ।

(५) समितिले आवश्यकता अनुसार विषयगत शाखा प्रमुख वा अन्य कर्मचारीलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(६) प्रस्ताव गरिएका योजना, निर्णय, सिफारिस र कार्यसम्पादनका समग्र विल, भर्पाई, ल. इ. लगायतको कागजात फरफारक प्रयोजनको लागि प्रगति प्रतिवेदन समेत सदस्य सचिवले प्रमाणित गरि कार्यालय प्रमुख समक्ष पेश गर्नुपर्नेछ ।

(७) निर्देशक समिति : उपदफा (२) बमोजिम गठित समितिको प्रस्ताव उपर छलफल गरी योजना तथा कार्यक्रम कार्यान्वयन भएका निर्णय तथा समितिलाई आवश्यक निर्देशन तथा कार्यसम्पादनको सुपरिवेक्षण गर्न देहाय बमोजिम एक निर्देशक समिति रहनेछ :

| | |
|---|---|
| संयोजक | गाउँपालिका अध्यक्ष |
| सदस्य | गाउँपालिका उपाध्यक्ष |
| सदस्य | अध्यक्षले तोकेको १ जना महिला सहित ३ जना कार्यपालिका सदस्य |
| सदस्य सचिव | प्रमुख प्रशासकीय अधिकृत |

(८) निर्देशक समितिको काम, कर्तव्य र अधिकारहरु :-

(क) प्रस्ताव छनौट समितिले सिफारिस गरेका योजना तथा कार्यक्रम उपर छलफल गरी कार्यान्वयनको लागी निर्णय गर्ने ।

(ख) कार्यक्रमको माग र आवश्यकताको आधारमा स्थलगत अनुगमन गर्ने ।

द्रष्टव्य :- छनौट गरिएका योजना तथा कार्यक्रमको आवश्यकता र औचित्यताको पहिचान गर्न समितिले कुनै प्राविधिक कर्मचारीलाई वा विषयगत शाखाका कर्मचारीलाई स्थलगत रुपमा खटाई प्रतिवेदन माग गर्न सक्नेछ ।

(ग) विषयगत शाखालाई योजना तथा कार्यक्रम कार्यान्वयनको लागि निर्देशन दिने ।

(घ) योजनाको कार्य सम्पन्न प्रतिवेदनका लागि अनुगमन, मूल्याङ्कन तथा पुपरीवेक्षण गर्न गाउँपालिका स्थित गठित अनुगमन समितिलाई निर्देशन दिने ।

(ङ) दफा (२) बमोजिम पेश भएका प्रस्तावको प्राविधिक पक्षको मूल्याङ्कन गर्ने र आवश्यकता बमोजिम मापदण्ड र छनौटका आधारमा तय, संशोधन वा परिकृष्ट गर्ने ।

(९) कार्यक्रम संचालन कार्यविधि : (१) योजना तथा कार्यक्रम तर्जुमा सेवाग्राही वा लाभग्राहीको माग निवेदनको आधारमा प्रस्ताव छनौट समितिले निर्देशक समिति समक्ष पेश गर्नुपर्नेछ ।

(२) प्रस्तावित योजना उपर निर्देशक समितिले बैठक निर्णय पूर्व आवश्यकता ठानेमा स्थलगत अनुगमन गर्नुपर्नेछ । साथै दफा ८ को खण्ड (ख) को द्रष्टव्यमा भएको व्यवस्थालाई कार्यान्वयन गर्न बाधा पर्नेछैन ।

(३) वडा पालिकाको सिफारिस सम्झौताको लागि पूर्वशर्तको रुपमा रहनेछ ।

(४) योजना तथा कार्यक्रमको कार्यान्वयन कार्यविधि अन्य प्रचलित कार्यविधिद्वारा सम्पादन गरिनेछ ।

(५) योजना तथा कार्यक्रम सम्पादनमा लाभग्राहीहरुको योजनाको प्रकृति अनुसार २५%–५०% श्रमदान सुनिश्चित भएको हुनेछ ।

१० योजना तथा कार्यक्रम संचालनका क्षेत्रहरु

(१) भौतिक पूर्वाधारतर्फ :- (क) २ वा २ भन्दा बढी सडक जोड्ने रणनीतिक महत्वका बाटाघाटाहरु,

(ख) खानेपानी मर्मत सम्भारका लागि निर्माण सामाग्री जस्तै : छड, पाइप, भल्भ, टुटी, सिमेन्ट लगायतका,

(ग) विद्यालयको छाना मर्मत, विजुली व्यवस्थापन, फर्निचर र मेसिनरी औजार,

(घ) ढुंगा, गिट्टी, बालुवा, सरिया, सिमेन्ट हस्तान्त्रण मार्फत सम्पन्न हुन सक्ने संभावित अन्य भौतिक संरचना निर्माण,

(ङ) कार्यालय व्यवस्थापन अन्तर्गत मेसिनरी औजार, विजुली बत्ती, तार सम्बन्धी कामहरु,

(च) अमानतबाट सम्पन्न गर्न सकिने प्रशासनिक तथा विकासात्मक कामहरु,

(छ) साझेदारी लगानी मार्फत विषयगत योजना तथा कार्यक्रमहरु ।

(२) सामाजिक विकास तर्फ :- शिक्षा, स्वास्थ्य, कृषि, पशु सँग सम्बन्धित योजना तथा कार्यक्रमहरु

(३) बातावरण तथा विपद् व्यवस्थापन तर्फ : बाढी, पहिरो नियन्त्रण, वृक्षारोपण, आगलागी नियन्त्रण सँग सम्बन्धि प्राविधिक प्रयासहरुमा जनशक्ति परिचालन लगायत रोकथामका उपायहरुसँग सम्बन्धित योजना तथा कार्यक्रमहरु ।

(४) संस्थागत विकास, सुशासन तथा सामाजिक समावेशीकरण तर्फ :- तालिम, डिजिटाइजेशन, वातावरणीय प्रभाव मूल्याङ्कन तथा परियोजना अध्ययन, अनुसन्धान र प्रतिवेदन सँग सम्बन्धित कार्यक्रमहरु ।

(५) पर्यटन विकास तर्फ :- पर्यटन विकास, प्रवर्धन तथा विस्तारका लागि कार्यक्रम तथा योजना

११. लाभग्राहीहरुको छनौटका आधारहरु:-

(क) अति गरिव, विपन्न, पछाडि पारिएका दलित, महिला,

(ख) स्वीकृत बार्षिक कार्यक्रमले नसमेटेको क्षेत्र र समुदाय,

(ग) जनश्रमदान र जनसहभागिता सुनिश्चितता भएको,

(घ) अपुरा योजनामा सहयोग मार्फत संचालनको संभाव्यता भएका योजना र कार्यक्रम,

(ङ) साझेदारी अन्तरगत सम्पन्न गर्नुपर्ने कार्यक्रम तथा योजना,

(च) स्थानीय श्रोत, साधनको प्रचुरता र उपयोगिता ।

११. बाधा अड्काउ फुकाउन सक्ने :- यस कार्यविधि बमोजिम कार्यक्रम संचालन गर्दा सारभूत विषय बाहेकका सामान्य प्राविधिक विषयमा बाधा अड्काउ उत्पन्न भएमा निर्देशक समितिको सिफारिसमा पालिकाले त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ ।

अनुसूची (१)

दफा (६) सँग सम्बन्धित

## प्रगति प्रतिवेदनको ढाँचा

| क्र. सं. | योजनाको नाम | कार्यान्वयन स्थल | लाभग्राही सँख्या | कार्यसम्पन्न | | लागत अनुमान | कैफीयत |
|---|---|---|---|---|---|---|---|
| | | | | भौतिक | प्रगति (वित्तिय प्रगति) | | |
| | | | | | | | |

तयार पार्ने — रुजु गर्ने — स्वीकृत गर्ने

सदस्य सचिव (प्रस्ताव छनौट समिति) — संयोजक (प्रस्ताव छनौट समिति) — संयोजक (निर्देशक समिति)

आज्ञाले

(सुमन आचार्य)

प्रमुख प्रशासकीय अधिकृत